मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## ४५५ कैदीबन्दीले बाढीपीडितका लागि जुटाए १ लाख १ हजार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको जलेश्वर कारागारमा रहेका कैदीबन्दीहरूले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहतका लागि आर्थिक सहयोग गरेका छन्।
कारागारमा रहेका ४ सय ५५ जना कैदीबन्दीले आपसमा रकम संकलन गरी १ लाख १ हजार १ सय ५ रुपैयाँ प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरेका हुन्। विपद्को समयमा प्रभावित नागरिकलाई आफ्नो तर्फबाट समेत सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ कैदीबन्दीहरूले स्वेच्छाले रकम संकलन गरेको जलेश्वर कारागारका कारागार प्रशासक अशोककुमार क्षेत्रीले बताए। संकलित रकम राष्ट्रिय वाणिज्य बैंकमार्फत प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरिएको उनले जानकारी दिए।
कारागारभित्र रहे पनि देशमा परेको विपद् र त्यसबाट प्रभावित नागरिकप्रति मानवीय संवेदना प्रकट गर्दै आफूहरूले सहयोग जुटाएको कैदीबन्दीहरूले बताएका छन्।
बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित परिवारको उद्धार, राहत र पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेका बेला जलेश्वर कारागारका कैदीबन्दीहरूको यो योगदान पनि राहत अभियानमा जोडिएको छ।

वर्ष ४ • अंक २६६ • २०८३ साल भाद्र १६ गते मंगलबार • Tuesday 01, September 2026 • सूर्योदयः बिहान ०५:४२ बजे • सूर्यास्तः साँझ ०६:२४ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# रसुवा बाढीको असर मधेशसम्मः १९४ जना अझै सम्पर्कविहीन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका १९४ जना नागरिक सम्पर्कविहीन तथा बेपत्ता रहेको विवरण सार्वजनिक भएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले संकलन गरेको प्रारम्भिक तथ्यांकअनुसार रोजगारी, जलविद्युत् आयोजना, व्यवसाय तथा भ्रमणका क्रममा रसुवा र नुवाकोट पुगेका नागरिक बाढीपछि परिवारको सम्पर्कमा आउन सकेका छैनन्।
प्रहरीको विवरणअनुसार सप्तरीबाट सबैभन्दा बढी ४९ जना सम्पर्कविहीन छन्। त्यसपछि पर्साका ४०, बाराका २५, सर्लाहीका २४, रौतहटका १९, महोत्तरीका १७, धनुषाका १४ र सिरहाका ९ जना रहेका छन्।
बेपत्ता भएकामध्ये ठूलो संख्या जलविद्युत् आयोजना, निर्माण कम्पनी तथा अन्य श्रम क्षेत्रमा कार्यरत रहेको जनाइएको छ। कतिपय होटल तथा व्यवसायमा संलग्न थिए भने केही व्यक्ति गोसाइँकुण्डलगायतका क्षेत्रमा भ्रमणका लागि पुगेका बेला बाढीको चपेटामा परेका थिए।



- **सप्तरीका सबैभन्दा धेरै नागरिक सम्पर्कविहीन**

प्रहरीको सूचीअनुसार सप्तरीका ४९ जना नागरिक हालसम्म सम्पर्कमा आएका छैनन्। महादेवा, अग्नीसाइर कृष्णासवरण, कञ्चनरूप, सप्तकोशी, डाक्नेश्वरी, तिरहुत, सुरुङ्गा, तिलाठी कोइलाडी, विष्णुपुर, शम्भुनाथ, बोदेबरसाइन, खडक, राजगढ र राजविराजलगायत स्थानीय तहका नागरिक बेपत्ता सूचीमा छन्।
उनीहरूमध्ये कतिपय नुवाकोट तथा रसुवाका जलविद्युत् आयोजनामा कार्यरत श्रमिक रहेको र केही होटल व्यवसायमा काम गर्ने व्यक्ति रहेको प्रहरीले जनाएको छ। केही नागरिक धार्मिक तथा पर्यटकीय भ्रमणका क्रममा रसुवा पुगेका थिए।

- **पर्साबाट ४० जना सम्पर्कविहीन**

पर्साका ४० जना नागरिक पनि बाढीपछि परिवारको सम्पर्कमा नरहेको विवरणमा उल्लेख छ। उनीहरूमध्ये अधिकांश हाइड्रोपावर, निर्माण तथा यातायातसँग सम्बन्धित कामका लागि रसुवा र नुवाकोट पुगेका थिए। वीरगंज महानगरपालिकासहित जिल्लाका विभिन्न स्थानीय तहका नागरिक बेपत्ता सूचीमा रहेका छन्। केही व्यक्ति क्रेन, ट्रक तथा अन्य निर्माणसम्बन्धी काममा संलग्न रहेको जनाइएको छ।

- **बारा र सर्लाहीबाट पनि ठूलो संख्या**

बाराका २५ जना र सर्लाहीका २४ जना नागरिक सम्पर्कविहीन छन्। बाराबाट कलैया, परवानीपुर, प्रसौनी, जितपुरसिमरा, करैयामाई, सुवर्ण, निजगढ र आदर्श कोतवाललगायत क्षेत्रका नागरिक बेपत्ता सूचीमा परेका छन्।
त्यस्तै, सर्लाहीका लालबन्दी, हरिवन, ईश्वरपुर, ब्रह्मपुरी, मलंगवा, बागमती, हरिपुर र बरहथवाका नागरिक सम्पर्कविहीन रहेको विवरण छ।
उनीहरूमध्ये धेरैजसो जलविद्युत् आयोजना, निर्माण कम्पनी तथा यातायात क्षेत्रमा कार्यरत रहेको जनाइएको छ।

- **रौतहट, महोत्तरी र धनुषाका परिवार पनि चिन्तामा**

रौतहटका १९ जना, महोत्तरीका १७ जना र धनुषाका १४ जना नागरिक बाढीपछि सम्पर्कमा नआएको प्रहरीले जनाएको छ।
रौतहटका केही नागरिक जलविद्युत् आयोजना र होटल क्षेत्रमा कार्यरत थिए भने केही नुवाकोटको त्रिशूली बजार तथा बेत्रावती क्षेत्रमा व्यवसाय सञ्चालन गर्दै आएका थिए।
महोत्तरीका गौशाला, जलेश्वर, भंगाहा, पिपरा, लोहरपट्टी, बर्दिबास, औरही र मटिहानीका नागरिक पनि बेपत्ता सूचीमा छन्। धनुषाका सबैला, हंसपुर, जनकपुरधाम, मिथिला तथा गणेशमान–चारनाथ क्षेत्रका नागरिक सम्पर्कविहीन भएको विवरण प्राप्त भएको छ।

- **सिरहाका ९ जना अझै सम्पर्कमा आएनन्**

सिरहाका ९ जना नागरिक पनि बाढीपछि सम्पर्कविहीन छन्। उनीहरूमध्ये केही अपर त्रिशूली–१, रसुवा हाइड्रोपावर, शेर्पा हाइड्रोपावर तथा लाङटाङ खोला हाइड्रोपावरलगायत आयोजनामा कार्यरत रहेको विवरणमा उल्लेख छ।
केही नागरिक नुवाकोटको बेत्रावती तथा मैलुङ क्षेत्रमा काम गरिरहेका बेला सम्पर्कविहीन भएका थिए।

- **रोजगारीका लागि हिमाली जिल्ला पुगेकाहरू बढी प्रभावित**

प्रहरीले संकलन गरेको विवरणले मधेशबाट रोजगारीका लागि पहाडी तथा हिमाली जिल्लामा पुगेका नागरिक बाढीबाट बढी प्रभावित भएको देखाएको छ। विशेषगरी जलविद्युत् आयोजना, निर्माण कम्पनी, होटल तथा यातायात क्षेत्रमा कार्यरत श्रमिक र कर्मचारीको ठूलो संख्या सम्पर्कविहीन भएको छ।
बाढीका कारण सडक, पुल, सञ्चार तथा विद्युत् संरचनामा व्यापक क्षति पुगेपछि घटनास्थलमा रहेका व्यक्तिसँग सम्पर्क स्थापित गर्न कठिनाइ भएको बताइएको छ।
परिवारजनले आफन्त सम्पर्कमा नआएपछि प्रहरी र स्थानीय प्रशासनमा दिएको निवेदन तथा सूचनाका आधारमा बेपत्ता व्यक्तिहरूको विवरण संकलन गरिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

- **प्रारम्भिक सूची भएकाले विवरण परिवर्तन हुनसक्ने**

प्रहरीले सार्वजनिक गरेको विवरण हालसम्म प्राप्त सूचना र परिवारजनको निवेदनका आधारमा तयार गरिएको प्रारम्भिक तथ्यांक हो। खोज तथा उद्धार कार्य जारी रहेकाले सूचीमा रहेका व्यक्तिमध्ये केहीको अवस्था पछि पुष्टि हुन सक्ने सम्भावना रहेको छ। आफ्ना परिवारका सदस्य रोजगारीका लागि रसुवा र नुवाकोट पुगेका बेला बाढीपछि सम्पर्कविहीन भएपछि मधेशका विभिन्न जिल्लामा परिवारजनको चिन्ता बढेको छ। सुरक्षा निकायले खोज तथा उद्धारलाई निरन्तरता दिइरहेका छन्।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको प्रारम्भिक विवरणअनुसार रसुवा बाढीपछि मधेशका विभिन्न जिल्लाका १९४ जना नागरिक सम्पर्कविहीन रहेको तथ्यांकले यस विपद्को प्रभाव हिमाली क्षेत्रबाट मधेशका परिवारसम्म गहिरोसँग पुगेको देखाएको छ।

## नारायणी अस्पतालबाट हराएको नवजात शिशु १६ घण्टापछि सकुशल उद्धार, महिला पक्राउ

**वीरगञ्ज।**
वीरगञ्जस्थित नारायणी अस्पतालबाट चोरी भएको एक दिनको नवजात शिशुलाई प्रहरीले करिब १६ घण्टापछि सकुशल उद्धार गरेको छ। शिशु चोरीमा संलग्न रहेको आरोपमा वीरगञ्ज महानगरपालिका–१६, इनर्वाकी सबिना खातुनलाई प्रहरीले पक्राउ गरेको छ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार रातभर गरिएको खोजी, अनुसन्धान तथा निगरानीपछि सोमबार बिहान खातुनलाई नवजात शिशुसहित नियन्त्रणमा लिइएको हो।
प्रहरीको प्रारम्भिक अनुसन्धानमा पक्राउ परेकी खातुनले आफूलाई सन्तान नभएकाले बच्चा चोरी गरेको बयान दिएकी छन्। यद्यपि, सन्तान नभएको कारण मात्रै बच्चा चोरी गरिएको हो वा घटनापछाडि अन्य कुनै उद्देश्य तथा व्यक्तिको संलग्नता छ भन्ने विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

**जन्मिएको एक दिन नपुग्दै अस्पतालबाट गायब**
सर्लाहीको रामनगर गाउँपालिका–३, बहुअर्वाकी रिन्कु देवीले शनिबार राति करिब ११ बजे नारायणी अस्पतालमा शल्यक्रियामार्फत छोरालाई जन्म दिएकी थिइन्।
जन्मिएपछि नवजात शिशु आमाको उपचार तथा परिवारको निगरानीमा अस्पतालमै थियो। तर, जन्मिएको एक दिन पनि पूरा नहुँदै आइतबार शिशु अस्पतालबाटै हराएपछि परिवारमा ठूलो तनाव सिर्जना भएको थियो।
अस्पतालमा रहेका परिवारका सदस्यहरूमध्ये शिशुकी हजुरआमासँग एक अपरिचित महिला सम्पर्कमा आएकी थिइन्। ती महिलाले बच्चालाई केही समय खेलाउने भन्दै हजुरआमासँग नवजात शिशु मागेकी थिइन्।
आफू अस्पतालमै कुचिकारको रूपमा काम गर्ने बताएकी ती महिलामाथि परिवारले विश्वास गरेको थियो। त्यसपछि

*बाँकी पृष्ठ ३ मा*

## राष्ट्रपति पौडेलसँग सभापति लामिछानेको भेट



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलसँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भेट गरेका छन्। राष्ट्रपतिको कार्यालयमा सोमबार भएको भेटमा सभापति लामिछानेले राष्ट्रपति पौडेललाई भोटेकोसी हुँदै त्रिशूली नदीमा गएको बाढी र त्यसबाट भएको क्षतीसँगै उद्धार तथा राहतका लागि भइरहेका गतिविधिबारे जानकारी गराएको रास्वपाले जनाएको छ। सभापति लामिछानेले सोमबारै प्रधानमन्त्री वालेन्द्र शाहसँग भेटी सरकारले गरिरहेको कामबारे जानकारी लिएपछि सोबारे राष्ट्रपति पौडेललाई जानकारी गराएका हुन्।

## वीरगंज उद्योग वाणिज्य संघको १५ लाख सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज उद्योग वाणिज्य सङ्घले रसुवाको भोटेकोशी बाढीपीडितका लागि १५ लाख रुपैयाँभन्दा बढी सहयोग प्रदान गरेको छ। बाढीले पु¥याएको जनधनको क्षतिप्रति सङ्घले दुःख व्यक्त गरेको छ।
बाढी प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि वीरगंज उद्योग वाणिज्य सङ्घले १५ लाख १ हजार १ सय १ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो। प्राकृतिक विपत्तिको समयमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै मानवीय सहयोग गर्नु आफ्नो सामाजिक उत्तरदायित्व भएको सङ्घले जनाएको छ।
सङ्घका अध्यक्ष हरिप्रसाद गौतमद्वारा जारी विज्ञप्तिमा आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत मानवीय तथा सामाजिक कार्यमा निरन्तर सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

# रसुवा बाढी प्रकरणः ‘मेरो श्रीमान कहाँ छन् ?’

**जनकपुरधाम।**
धनुषाकी पूजा साह सिंहका लागि पछिल्ला दिन सामान्य छैनन्। दिनरात पूजा श्रीमान् अजय सिंहको प्रतीक्षामा मोबाइल हातमा लिएर बस्छिन्। आँखामा निद्रा छैन। मोबाइलको स्क्रिनमा पटक–पटक श्रीमान्को नम्बर हेर्छिन्, फोन गर्छिन्। तर, घण्टी बज्दैन। फोन उठ्दैन। प्रत्येक असफल प्रयाससँगै उनको मनमा आशङ्का बढ्छ र आँखाबाट आँसु झर्छ।
उनी जसलाई भेटे पनि ‘मेरो बुढा कस्तो अवस्थामा छन्? त्यहाँ के भइरहेको छ? केही जानकारी पाएको छैन,’ रुदै पूजा भन्छिन्, ‘प्लिज, जसरी भए पनि उनको अवस्थाबारे जानकारी पाउँ। प्लिज मलाई उनसँग कुराकानी गराइदिनुस्।’ रसुवाको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनामा कार्यरत धनुषाको कमला नगरपालिका–६ सखुवा मडानको अजय बाढी आउनुअघिसम्म नियमित रूपमा परिवारको सम्पर्कमा थिए। परिवारसँग कुराकानी गर्ने, आफ्नो अवस्थाबारे जानकारी दिने र घरपरिवारको हालखबर सोध्ने उनको दैनिकी थियो। तर, रसुवामा बाढी आएपछि उन एकाएक सम्पर्कविहीन भए। त्यसयता उनको मोबाइल लगातार बन्द छ।
श्रीमान्को अवस्थाबारे कुनै जानकारी नपाउँदा पूजाको बेचैनी दिन प्रतिदिन बढिरहेको छ। बाढीले रसुवामा ठूलो क्षति पुर्‍याएको खबर सुनेदेखि उनको मनमा एउटै प्रश्न घुमिरहेको छ– अजय कहाँ छन्? ‘एकपटक उनको आवाज मात्रै सुन्न पाए पनि हुन्थ्यो,’ पूजा भन्छन्, ‘उन सुरक्षित छन् भन्ने खबर मात्रै पाए पनि मेरो मन शान्त हुन्थ्यो।’



अजयको सम्पर्कविहीनताको खबरपछि उनको घरमा सन्नाटा छाएको छ। सामान्य दिनचर्या पनि अस्तव्यस्त भएको छ। घरमा परिवारका सदस्यबीच कुराकानी भए पनि सबैको ध्यान मोबाइलमै हुन्छ। अपरिचित नम्बरबाट फोन आउँदा केही खबर आयो कि भन्ने आशा जाग्छ। तर, धेरैपटक ती फोन अपेक्षाविपरीत हुन्छन्। त्यसपछि फेरि सुरु हुन्छ प्रतीक्षा।
पूजाको जस्तै अवस्था अहिले रसुवाको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिका परिवारको छ। कसैका श्रीमान् सम्पर्कविहीन छन्, कसैका दाइ–भाइ त कसैका छोरा। रोजगारीका लागि घरदेखि टाढा पुगेका आफन्त विपद्पछि सम्पर्कविहीन हुँदा परिवारका सदस्यहरू अनिश्चितताको पीडामा छन्।
रसुवामा जलविद्युत् आयोजनालगायत विभिन्न क्षेत्रमा काम गर्ने धेरै व्यक्ति बाढी र पहिरोपछि सम्पर्कविहीन भएका छन्। आफन्तहरू उनीहरूको अवस्थाबारे जानकारी लिन प्रहरी, प्रशासन, अस्पताल तथा उद्धारमा खटिएका निकायसम्म पुगिरहेका छन्। कतै आफ्नो मान्छेको नाम भेटिन्छ कि, कतै फोटो देखिन्छ कि वा कसैले ‘उन सुरक्षित छन्’ भनेर खबर गरिदिन्छ कि भन्ने आशामा उनीहरू दिनरात भौँतारिरहेका छन्।
बाढीले सडक, पुल, घर र बस्तीमा क्षति पु¥याएको छ तर त्यसको असर भौतिक संरचनामा मात्र सीमित छैन। विपद्ले धेरै परिवारको शान्ति, खुसी र नियमित जीवनसमेत खोसेको छ। कसैले आफन्त गुमाएको पीडा भोगिरहेका छन् भने कतिपय परिवार अझै ‘सम्पर्कविहीन’ भन्ने शब्दको अनिश्चिततामा अड्किएका छन्।
पूजाको प्रतीक्षा पनि त्यही अनिश्चिततासँग जोडिएको छ। हातमा मोबाइल, आँखामा आँसु र मनमा श्रीमान्को सम्झना बोकेर उन हरेक क्षण अजयको खबर पर्खिरहेकी छिन्। ‘उनी जहाँ छन्, सुरक्षित होस्,’ उनी भन्छन्। अजयको खोजी र उनको अवस्थाबारे यकिन गर्ने प्रयास जारी छ। तर धनुषामा पूजा भने अझै श्रीमान् फर्किने आशामा छन्। उनको लागि अहिले समय रोकिएजस्तै भएको छ।
उनको मनमा एउटै प्रश्न छ– ‘मेरो अजय कहाँ छन्?’ र, उनको आँखाबाट बगिरहेको आँसुको एउटै आग्रह छ– ‘प्लिज... जसरी भए पनि मेरो बुढासँग एकपटक कुरा गराइदिनुस्।’ पूजा फेसबुकको वाल हेर्दै निराश हुँदै भन्छन्, ‘अहिले सम्म मेरो श्रीमान्को बारे केही खबर प्राप्त भएन ‘मात्र एकपछि अर्को गरी पोष्टहरु घण्टैपिच्छे देखिको छ। बहुत कहालीलाग्दो अवस्था छ।
भर्खरै फेसबुकमा उनले पोष्ट गरेका छन्, मेरा श्रीमान्लगायत धेरै जनाको अवस्थाबारे अझै स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन। यो अवस्था परिवारका लागि अत्यन्त पीडादायी र चिन्ताजनक बनेको छ। उनले सरकार, सुरक्षा निकाय, स्थानीय प्रशासन, विपद् व्यवस्थापनसँग सम्बन्धित सबै निकायलाई धन्यवाद दिँदै सम्पर्कविहीन अवस्थामा रहेका सबै नागरिकको खोजी र उद्धारलाई प्राथमिकतामा राखिदिनुहुन पनि उनले अनुरोध गरेका छन्।

## सम्पादकीय

# पीडितसम्म नपुगेको सरकार, लुकाइएका बेपत्ता

विपद्, हिंसा वा कुनै पनि राष्ट्रिय संकटपछि सरकारको पहिलो दायित्व तथ्य सार्वजनिक गर्नु र पीडितको ढोकासम्म पुग्नु हो। तर अहिले पनि राज्यको उपस्थिति कागजी विवरण, औपचारिक वक्तव्य र निरीक्षणका तस्बिरमा सीमित देखिन्छ। वास्तविक पीडितहरू राहत, उपचार, सुरक्षित आवास र न्यायको प्रतीक्षामा छन्, जबकि निर्णय गर्ने निकायहरू उनीहरूको पीडालाई प्राथमिकताभन्दा प्रचारको विषय बनाइरहेका छन्। सरकार खास पीडितकहाँ पुग्न नसक्नु केवल प्रशासनिक कमजोरी होइन, नागरिकप्रतिको गम्भीर उत्तरदायित्वहीनता हो।

सबैभन्दा गम्भीर प्रश्न बेपत्ता नागरिकहरूको संख्यासँग सम्बन्धित छ। आफन्तहरू आफ्ना मान्छेको खोजीमा भौंतारिइरहेका छन्, तर सरकारी अभिलेखमा संख्या घटाइँदै, अस्पष्ट बनाइँदै वा सार्वजनिक गर्नै नचाहिएको आरोप उठेको छ। कुनै पनि संकटमा मृतक र बेपत्ताको वास्तविक संख्या लुकाउनु पीडित परिवारमाथिको दोस्रो अन्याय हो। तथ्याङ्कलाई राजनीतिक सुविधा वा संस्थागत प्रतिष्ठा जोगाउने साधन बनाउने प्रवृत्तिले राज्यप्रतिको विश्वास झन् कमजोर पार्छ।

सरकारले तत्काल स्वतन्त्र र विश्वसनीय छानबिन संयन्त्र गठन गरी बेपत्ताको नाम, ठेगाना, अन्तिम अवस्थालगायत विवरण सार्वजनिक गर्नुपर्छ। तथ्य पुष्टि नभएसम्म अनुमानित विवरणलाई स्पष्ट रूपमा छुट्याइनुपर्छ, तर संख्या लुकाउने वा सूचना रोक्ने काम कुनै हालतमा स्वीकार्य हुँदैन। पीडित परिवारलाई राहत मात्र होइन, सूचना पाउने अधिकार, कानुनी सहायता, मनोसामाजिक सहयोग र न्यायको सुनिश्चितता आवश्यक छ। राज्यले नागरिकलाई दया होइन, अधिकारका रूपमा सेवा दिनुपर्छ।

यस प्रक्रियामा सञ्चारमाध्यम, मानवअधिकार संस्था र नागरिक समाजको निगरानीलाई अवरोध होइन, लोकतान्त्रिक जवाफदेहिताको आधार मानिनुपर्छ। सरकारका हरेक दाबी स्वतन्त्र रूपमा परीक्षण हुनुपर्छ र गलत विवरण सार्वजनिक गर्ने अधिकारीमाथि जिम्मेवारी निर्धारण गरिनुपर्छ। संसद् तथा सम्बन्धित संवैधानिक निकायहरूले पनि मौनता तोडेर सरकारसँग स्पष्ट जवाफ माग्नुपर्छ। पीडितको आवाज दबाएर शान्ति वा सामान्यताको भ्रम सिर्जना गर्न सकिँदैन।

आजको आवश्यकता संवेदनशील भाषण होइन, पारदर्शी कार्य र परिणाम हो। सरकार पीडितका बस्तीमा पुगेर उनीहरूको कुरा सुन्न, हराइरहेकाहरूको खोजीलाई सर्वोच्च प्राथमिकता दिन र सत्य सार्वजनिक गर्न तयार हुनुपर्छ। बेपत्ताको वास्तविक संख्या सार्वजनिक गर्नु राज्यलाई कमजोर बनाउने कदम होइन; यसले राज्यको नैतिक शक्ति पुनस्थापित गर्छ। पीडितलाई देख्न नसक्ने र सत्य भन्न नसक्ने सरकार लोकतन्त्रको प्रतिनिधि हुन सक्दैन।

# बाढीबारे समयमै पूर्वसूचना दिन पाएको भए धेरैको ज्यान जोगाउन सकिन्थ्यो

**प्रकाश सिलवाल/ रासस**

भोटेकोशी नदीमा गत बुधबार आएको अकल्पनीय बाढीले केही मिनेटमै नदी किनारका बस्ती, सडक, पुल र भौतिक संरचनामा ठूलो क्षति पुर्‍यायो। रसुवाबाट सुरु भएको बाढी त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखालगायतका तटीय क्षेत्रमा फैलिँदा धेरै परिवार विस्थापित भएका छन् भने ठूलो जनधनको क्षति भएको छ।

अचानक आएको यो बाढीले एउटा गम्भीर प्रश्न पनि उब्जाएको छ– यति ठूलो विपद्को पूर्वसूचना किन आउन सकेन ? आगामी दिनमा भोटेकोशी र त्रिशूली नदी आसपासको जोखिम कति छ ? बाढीका कारण बनेका ताल अझै फुट्ने अवस्थामा छन् कि छैनन् ? र यस्ता विपद्बाट भविष्यमा नागरिकलाई कसरी सुरक्षित गर्न सकिन्छ ? प्रस्तुत छ, यिनै विषयमा जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीसँग राससकर्मी प्रगति ढकालले गरेको कुराकानीको सम्पादित अंशः

**गत बुधबार हामीले नसोचेको त्यति ठूलो विनाशकारी बाढी आयो। त्यसलाई कतिले हिमजन्य सुनामी पनि भनेर व्याख्या गरेका छन्। बाढी आनुअघि पूर्वसङ्केत अलिकति पनि पाउनुभएन ?**

अब यसको पूर्वसङ्केत हामीले पाएनौँ। मुख्यतः पूर्वसङ्केत पाउनको लागि त्यहाँ जडान गरेका उपकरणहरूले हामीलाई सूचना दिनुपर्ने हुन्छ। रसुवाको सीमा नजिकै एक किलोमिटर जति मात्रै तल स्वचालित जलमापन केन्द्र राखेका थियौँ। बेत्रावतीमा त्यस्तै सेन्सरहरू राखेका थिए। पूर्वसङ्केत दिने ती सेन्सरहरू राखेको स्थानभन्दा पनि धेरै अग्लो स्थानसम्म बाढी आयो। सामान्यतया १० मिटर जति माथि सेन्सरहरू जडान गर्छौँ। जुन १०० वर्षको रिटर्न पिरियडको फ्लड भन्छौँ। १०० वर्षमा फर्किन सक्ने बाढीका लागि ती उपकरणहरू राखिएका हुन्छन् तर यसपटक ती सबै उपकरणहरू एकैचोटी बगाएको अवस्था भयो र हामीले पनि कुनै सूचना पाउन सकेनौँ।

ताल फुट्दै गर्दाको सूचना लिनको लागि हामीसँग कि त त्यो ठाउँमा सिसी क्यामेरा अथवा केही ‘रियल टाइममा मनिटरिङ’मा हुनुपर्छ। कि त कुनै पनि भूकम्पको कम्पन मापन भएको सूचनाको आधारमा हामीले निर्णय लिनुपर्छ। अब हामीलाई भूकम्पसम्बन्धी सूचनाको पनि ‘रियल टाइम एक्सेस’ थिएन। फेरि भूकम्पको कम्पन मापन हुँदैमा सबै हिमपहिरो जान्छन् भन्ने पनि छैन। निर्णय लिन अलि कति कठिन छ। भविष्यमा त्योतर्फ काम गर्न सकिन्छ कि भन्ने छ। बाढी जाँदाको अवस्थामा हामीहरूसँग भएको संयन्त्र सबै फेल भयो। एकातिर हाम्रा जलमापन केन्द्र यति ठूलो बाढीका लागि थिएन भन्ने प्रमाणित भएको छ। सीमा नदीमा बाढी मापन गर्ने चीनतर्फ कुनै सेन्सर थियो वा थिएन, त्यो जानकारीमा छैन। उहाँहरूबाट सूचना प्राप्त हुन सकेन। अथवा थियो भने पनि त्यो पनि सुरुमै बगाएको हुनसक्छ किनकि चीनतर्फ पनि ठूलो मानवीय क्षति भएको छ।

**अघिल्लो वर्ष पनि हिमताल फुटेर भोटेकोशीमा बाढी गयो। त्यसबेला नेपाल–चीन सीमाक्षेत्रमा भएको जलवायुजन्य विपद्सम्बन्धी पूर्वसूचना आदानप्रदान गर्ने भनेर सहमति भएको होइन र ?**

त्यो सहमति औपचारिक सहमति भएको पनि छैन। खाली हामी वार्ताको टेबलमा बस्यौँ र छलफल गर्‍यौँ। अब हामी यो दिशामा जानुपर्छ भन्ने सहमति भने भयो। अब हामी तथ्याङ्क आदानप्रदानमा पुग्नुपर्छ। त्योभन्दा अगाडि तथ्याङ्क सङ्कलनमै काम गर्नुपर्छ। संयुक्त अनुसन्धान हुनुपर्छ। त्यो क्षेत्रमा अध्ययन अनुसन्धान गरेर कहाँ–कहाँ जोखिम छ, कहाँ–कहाँ सेन्सरहरू राख्ने भन्ने कुरा सबै एकिन नगरिकन हामी तथ्याङ्क आदानप्रदानमा पुग्न सक्दैनौँ। हामीलाई जानकारी भएसम्म तिब्बतको यो क्षेत्रमा र नेपालकै पनि क्षेत्रमा, बोर्डर सीमाको क्षेत्रमा त्यस किसिमको तथ्याङ्क आदानप्रदानमा गर्नका लागि तथ्याङ्क सङ्कलन अथवा तथ्याङ्क सर्भेक्षण प्रणाली नै थिएन।

मलाई लाग्छ कि चीन सरकारसँग तथ्याङ्क हुन्थ्यो भने हामीलाई प्राप्त हुन सक्थ्यो। अब त्यो तथ्याङ्क उहाँहरूसँग थियो भने चीनले पनि आफ्नो क्षेत्रको जनसङ्ख्यालाई जोगाउन सक्थ्यो नि। त्यसकारण चीनलाई दोष दिने ठाउँ छैन। तर भविष्यमा नेपाल र चीनले संयुक्त रूपमा कसरी यो किसिमको सर्भेक्षण संयन्त्रलाई विस्तार गर्ने, सिसी क्यामेरालगायत जडानलाई विस्तार गर्ने र त्यसको ‘रियल टाइम एक्सेस’ नेपाललाई पनि दिने, ताकि भोलिका दिनमा हामी त्यस्तै विपद् हुँदा समयमै पत्ता पाउन सकौँ र हाम्रा नागरिकलाई जोगाउन सकौँ भन्ने विषयमा कूटनीतिक पहल गर्न आवश्यक छ।

हामीले अझै केही समय अगाडि नै पूर्वसूचना दिन सकेको भए क्षति कम गर्न सकिन्थ्यो कि ? अथवा समयमै सूचना पाएर पनि केही मानिसले त्यसलाई गम्भीर रूपमा नलिँदा क्षति बढेको हो ? यो घटनालाई तपाईंहरूले कसरी हेर्नुभएको छ ?

त्यसमा दुवै विषय सत्य छन्। पहिलो, हामीले पूर्वसूचना दिएकै स्थानमा पनि बेत्रावती वा सोभन्दा तल क्षति हुन पुग्यो। सूचना पाउँदापाउँदै पनि किन क्षति भयो त भन्दा नागरिकले यो यति ठूलो बाढी हो भनेर आँकलन गर्न सक्नुभएन। एकातिर हामीले पनि यति ठूलो बाढी भनेर सूचनामा राखेका थिएनौँ। हाम्रो सूचनामा ‘धेरै ठूलो बाढी छ, सुरक्षित ठाउँमा, अग्लो स्थानमा जाऔँ’ मात्रै भनेका थियौँ तर नागरिकलाई यो बाढी यति ठूलो छ र यसले गाउँबस्ती नै सखाप पार्छ भन्ने लागेन। बाढी त हरेक वर्षजसो आइराखेकै हुन्छ, त्योभन्दा अलि ठूलो होला भन्ने मात्रै सोच्नुभयो जस्तो देखिन्छ।

अर्कोतर्फ, जति नागरिकले ठूलो बाढी हुनसक्छ भन्ने आकलन गर्नुभयो र आफूलाई सुरक्षित गर्न अग्लो ठाउँमा जानुभयो, उहाँहरू जोगिनुभएको छ। त्यसकारण यसमा नागरिकको केही हेलचेक्र्याइँ पनि मिश्रित छ। यदि हामीसँग योभन्दा केही अगाडि नै सूचना दिनसक्ने अवस्था रहन्थ्यो भने केही बढी नागरिकलाई सुरक्षित गर्न सकिन्थ्यो होला। तर यसको आकलन गर्न नसकेको अवस्था हेर्दा त्यति धेरै नागरिकलाई पहिले नै सूचना दिएको भए पनि जोगाउन सकिने अवस्था थिएनजस्तो देखिन्छ किनभने खासगरी बेत्रावती र विदुरलगायत क्षेत्रमा नागरिकहरूले थाहा पाउँदापाउँदै पनि घर छोडेर नहिँडेको थुप्रै ठाउँ देखियो।

बाढी बेत्रावती आइपुग्नु अगाडि नै हाम्रो सूचना पुगेको थियो र पनि मानवीय क्षति भयो। त्यहाँ क्षति भएपछि भने तल्लो क्षेत्रका नागरिकहरूले अब सतर्क भएर मात्रै पुग्ने रहेनछ, जोगिनका लागि पहाडै चढ्नुपर्ने रहेछ भन्ने महसुस गर्नुभयो। त्यसपछि धेरै नागरिक घर छोडेर पहाडतिर उक्लिनुभयो र उहाँहरू ज्यान जोगाउन सफल हुनुभयो। केही अगाडि सूचना दिन सकेको भए केही बढी नागरिकलाई जोगाउन सकिन्थ्यो, अवश्य पनि हो। तर पूर्ण रूपमा जोगाउन सक्ने अवस्था रहेनछ, किनकी नागरिकले पनि बाढीको वास्तविक जोखिमलाई त्यति आकलन गर्न सक्नुभएन।

**यसपटकको बाढीबाट हामीले सिकेको मुख्य पाठ के हो नि ?**

अब यसबाट हामीले सिकेको विषय भनेको कुनै पनि विपद्को पूर्वसूचनालाई बेवास्था गर्न नहुने पाठ सिकियो। नागरिकले त्यो सानो होस् वा ठूलो बाढी, आफूलाई सुरक्षित ठाउँमा लैजानैपर्छ किनभने सानै बाढीमा पनि सुरक्षित ठाउँमा पुग्दा हामीलाई केही क्षति हुँदैन तर ठूलो बाढी आएको रहेछ भने त क्षतिबाट जोगिन सक्यौँ नि। त्यसकारण भविष्यमा हामीले जारी गर्ने कुनै पनि सूचना वा माथिल्लो क्षेत्रबाट नागरिकहरूले पठाउने कुनै पनि सूचनालाई नजरअन्दाज नगरौँ। त्यो सूचनामा अति ठूलो बाढी पनि भनिएको हुनसक्छ या नभनिएको पनि हुन सक्छ।

बाढी आउँदै छ भन्ने सूचना पाउनेबित्तिकै नागरिक नजिकैको अग्लो भूभागतिर जान पहाडी क्षेत्रमा त केही मिनेटको समय मात्रै काफी छ। यो सिकाइ भोटेकोशी बाढीबाट भएको छ। सोही नदीमा र अन्य नदीहरूमा पनि उत्तिकै जोखिमका क्षेत्रहरू छन्। त्यसकारण भविष्यमा देशैभरका हिमाली क्षेत्रबाट बग्ने जति पनि नदीहरू छन्, ती सबै नदीका छेउछाउ बस्ने बासिन्दाहरूले आफूलाई नजिकैको अग्लो सुरक्षित स्थानमा पुर्‍याउनका लागि अगाडि नै तयारी गर्नुपर्छ।

**अझै पनि जोखिम कायमै छ। हिमताल थुनिएको छ र जुनसुकै बेला फुट्नसक्ने जोखिम रहेको बताइएको छ। त्यस्तै साना–साना पहिरो खसेर खोलासमेत थुनिएको अवस्थामा अबको जोखिम कत्तिको देख्नुहुन्छ ?**

अहिलेसम्मको सूचनामा दुईवटा ताल बनेको खबर छ। ती दुईवटा तालमध्ये तल्लो ताल आंशिक रूपमा शनिबार राति खुलेको भनेर सूचना आएको छ। त्यसले गर्दा आइतबार बिहानपख करिब तीन मिटर जतिको बाढी हामीले धादिङको गल्छीमा मापन गरेका छौँ। हामीले त्यहाँ नयाँ केन्द्र सञ्चालनमा ल्याएका छौँ। जुन पुल बगाएको थिएन, त्यो पुलमा जलमापन केन्द्र राखिएको छ। त्यसकारण त्यो तीन मिटरको बाढी ठूलै बाढी हो। तर पनि गत बुधबारको बाढीभन्दा सानो थियो र प्रभावित क्षेत्रबाहिर रहेकाले क्षति हुने किसिमको बाढी थिएन।

अहिले पनि त्यहाँ एउटा ताल पूर्णतया बाँकी नै छ र त्यो ताल फुट्नसक्ने जोखिममा पनि छ भनिएको छ। त्यसकारण हामीले तल्लो क्षेत्रका नागरिकलाई सजग गराइराख्ने छौँ। त्यो ताल जोखिममा छैन भन्ने अवस्था नहुँदासम्म तलका उद्धार तथा राहतका कार्यक्रमहरूलाई पनि सतर्कतासहित गर्नुपर्ने खाँचो छ।

**त्यो तालको जोखिम न्यूनीकरण गर्न तत्काल केही उपाय गर्न सकिँदैन ?**

अहिले तत्काल स्थलगत केही काम गर्न जोखिम नै छ। थप पहिरोहरू खस्न सक्छन् र त्यहाँ जो कामका लागि जानुहुन्छ, उहाँहरू आफैँ जोखिममा पर्ने समस्या छ। भविष्यमा त्यो ताल नफुट्दै हामीले त्यस काललाई कसरी खोलेर पानी निकास दिन सक्छौँ र जोखिम कम गर्न सक्छौँ भन्ने सोच्ने विषय भए पनि तत्कालका लागि चाहिँ त्यो ताल फुट्यो भने पूर्वसूचना दिने र मानिस जोगाउने विकल्प मात्रै बाँकी छ।

**कतिपय ठाउँका नागरिकहरू अहिले पनि बाहिरै बस्नुभएको छ। अब उहाँहरू आफ्नो बस्ती सुरक्षित भयो भनेर ढुक्कका साथ कहिलेदेखि घर फर्केर बस्न सक्ने अवस्था आउला ?**

जुन बस्ती यो बाढीले डुबायो, बगायो, ती ठाउँमा अब कहिल्यै पनि सुरक्षित छैन। त्यो कुरा चाहिँ स्पष्ट हो। अब बस्ती सग्लो भए पनि पूर्वसूचनामा अद्यावधिक हुँदै बस्न सकिन्छ, नसकिने त होइन। तर पनि त्यहाँ नबस्नका लागि हामी सिफारिस गर्छौं किनभने गत बुधबारको भन्दा ठूलो बाढी जाने सम्भावना पनि छ। जुन बाढी हामीले अहिलेसम्मकै ठूलो बाढी भनेर देख्यौँ, योभन्दा ठूलो बाढी पनि सम्भव छ, किनकि ठूला हिमतालहरू अझै पनि उपल्लो क्षेत्रमा छन्। योभन्दा ठूलो हिमपहिरोहरू जानसक्ने सम्भावनाहरू पनि हामी आकलन गर्न सक्छौँ।

अब नागरिकले तत्कालका लागि अर्को व्यवस्था नहुँदासम्म सोही क्षेत्रमा बस्नुपर्ने बाध्यताका बीच पूर्वसूचना लिँदै बस्नुपर्ने एउटा आवश्यकता देखिन्छ भने दीर्घकालीन रूपमा उहाँहरूले आफ्नो बासस्थान परिवर्तन गर्नुपर्‍यो, सुरक्षित ठाउँमा स्थानान्तरण हुनुपर्‍यो। यो त्यहाँको मात्रै लागि होइन, देशैभरि जति पनि खोलाका छेउछाउ, नदीका छेउछाउका त्यस्ता बस्तीहरू छन्, ती सबैले सोच्नुपर्ने अवस्था छ। ती बस्तीहरूलाई कसरी स्थानान्तरण गर्ने, कहाँ स्थानान्तरण गर्ने र खासगरी विपन्नता भएका थुप्रै नागरिक खोलाका छेउछाउ बसोबास गर्नुहुन्छ, उहाँहरूलाई नयाँ ठाउँमा बसोबासका लागि राज्यले कसरी सहयोग गर्ने ? राज्यले पनि सोच्नुपर्छ।

हामीले पूर्वसूचना प्रणालीलाई केही विस्तार र विकास गर्नेछौँ किनभने बस्तीहरूलाई हामी त्यहाँबाट बाहिर निकाल्न सकौँला, तर जलविद्युत् आयोजना, सिँचाइ आयोजना, सडक, पुलहरू सबै त खोलाकै आसपास हुन्छन्। त्यसैले यात्रा गर्ने यात्रीहरू, आयोजनामा काम गर्ने कामदारहरू, सुरक्षा निकायका व्यक्तिहरू, सबैलाई सुरक्षित गर्नका लागि पूर्वसूचना त फेरि चाहिन्छ नै। नागरिक पनि कृषि कर्म वा अन्य विभिन्न काममा खोलाको छेउछाउ त हुनुहुन्छ।

भविष्यमा बस्तीहरूलाई स्थानान्तरण गर्न सकियो भने त्यसले भौतिक र मानवीय दुवै क्षति कम गर्न सहयोग पुर्‍याउँछ। बाढीको घटना पछाडिको अत्यन्तै महत्त्वपूर्ण सिकाइ यो पनि हो। यो सिकाइ हामीले विगतका घटनाहरूबाट पनि सिक्दै आएका हौँ, तर यो अझ ठूलो विपद् हुँदै गर्दा अझ हामी सुरक्षित ठाउँमा जानुपर्छ भन्ने सिकाइ चाहिँ भएको छ।

**जलमापन केन्द्रहरू बगेपछि अहिले पूर्वसूचना सङ्कलन गर्न कत्तिको चुनौती थपिएको छ नि ?**

एकदमै चुनौतीपूर्ण छ। त्यही चुनौतीका बीच हामीले सीमा क्षेत्रमा सीसी क्यामेरा राखेर अहिले तत्कालका लागि काम गर्ने प्रयास गरिरहेका छौँ। आइतबार पनि एउटा टोली सीसी क्यामेरा जडानको सम्भाव्यता अध्ययनका लागि त्यसतर्फ गइसकेको पनि छ। अहिले हामी कम्तीमा दुईवटा राख्न सक्छौँ कि भन्ने योजना छ। त्यो भयो भने हामी दिनरात यहाँ कन्ट्रोल रुममा बसेर सीसी क्यामेरामार्फत प्राप्त तस्बिरहरू अध्ययन गर्दै सूचना दिन सक्नेछौँ। तत्कालै हामी नदीमा पानीको बहाव नाप्ने स्वचालित उपकरण राख्न सक्ने अवस्थामा छैनौँ। त्यहाँ भएका पुलहरू सबै बगाएका छन्। सबै दलदल छ, हिलो छ र त्यहाँ गएर पुनः अर्को केन्द्र राख्नसक्ने अवस्था चाहिँ देखिँदैन।

**अन्त्यमा भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई के भन्न चाहनुहुन्छ ?**

भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई हामी उच्च मनोबलका साथ रहन, कुनै पनि बाढीसम्बन्धी, पहिरोसम्बन्धी अथवा विपद्सम्बन्धी कुनै पनि सूचनासँग अद्यावधिक रहन अनुरोध छ। कतिपय सूचना हामीले जारी नगर्ने तर घटना घट्ने पनि हुन सक्छन्। त्यसैले त्यहाँका स्थानीय नागरिकले त्यो खबर पाउनेबित्तिकै तल्लो क्षेत्रमा रहनुहुनेहरूले प्रवाह गरिदिन पनि अनुरोध गर्दछौँ। हामी सबै मिलेर यो विपद्सँग जुध्न कोसिस गर्‍यौँ भने जनधनको क्षति कम गर्न सकिन्छ।

# ‘आफ्ना मान्छे फर्कने आशा र अनिष्टको डरबीचमा बाँकेका पीडित परिवार’

**रुपनी जिएम/रासस**

‘छोरीले तिहारमा आउँछु आमा, राम्ररी बसे है भनेर फोनमा कुरा गरेको तीन दिनपछि रसुवामा बाढीले सबै बगायो रे भन्ने सुनेँ। मेरी कान्छी बाँच्यो होला कि नहोला ?’

बाँकेको राप्तीसोनारी गाउँपालिका–२ राजपुरकी ८३ वर्षीया खीमादेवी पुनमगरको आँखामा अहिले यही प्रश्न घुमिरहन्छ। चाउरी परेको अनुहार, धमिलिँदै गएको आँखामा टिलपिलाएका आँसु र हातमा पटुकाको फेरो। त्यही फेरोले आँसु पुछ्दै उन रसुवाको चीन सीमा नजिक खाजा पसल सञ्चालन गर्दै आएकी कान्छी छोरी एकमाया पुन मगर (केसी) लाई सम्झन्छिन्।

‘छोरीले तिहारमा आउँछु भनेकी थिई। घर आउँछु भनेर फोन गरेकी छोरी आज कहाँ छे, के अवस्थामा छे भन्ने थाहा छैन,’ खिमादेवीले भक्कानिँदै भनिन्, ‘छोरी जीउँदै फर्केर आओस्, मलाई यत्ति चाहिएको छ।’

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवामा जनधनको ठूलो क्षति पुर्याएपछि खीमादेवीको मनमा छोरीको चिन्ताले घर गरेको छ। भदौ १० गते बाढीले सबै बगाएर बगर बनाएको खबर उनले माइली बुहारी तिलाकुमारी पुनमगरबाट सुनेकी थिइन्।

बुहारीले मोबाइलमा बाढीको भिडियो देखाएपछि उनको मन झनै अत्तालियो। त्यसयता उनको आँखाले छोरी आउने बाटो कुरिरहेको छ। कानले छोरीको आवाज सुन्न खोजिरहेको छ। तर फोनको घण्टी बज्दैन। खबर आउँदैन। आउने हरेक सूचनाले आशाभन्दा बढी डर दिएको छ। ‘मलाई केही चाहिँदैन,’ खीमादेवीले आँसु पुछ्दै भने, ‘मेरी छोरी फर्केर आओस्। उसले फोनमा भने जस्तै तिहारमा घर आओस्। म उसलाई आफ्नै आँखाले देख्न पाऊँ।’

चौवालीस वर्षीया एकमाया विगत पाँच वर्षदेखि रसुवामा खाजाको पसल सञ्चालन गर्दै आएकी थिइन्। श्रीमान् प्रकाश केसीसँग करिब १२ वर्षअघि कामको सिलसिलामा काठमाडौँ पुगेकी उनले पछि रसुवामा व्यवसाय सुरु गरेकी थिइन्। दुई छोराकी आमा एकमायाको पसलमा आफ्नै आफन्त काम गर्न पुगेका थिए।

बाढीपछि एकमाया पनि अन्य व्यक्ति जस्तै सम्पर्कविहीन भइन्। जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेको बेपत्ताको विवरणमा उनको नाम समावेश भयो। तर त्यसको केही समयपछि उनको शव तनहुँको आँबुखैरेनी गाउँपालिका–४ पूर्वबेँसी भन्ने स्थानमा भदौ ११ गते फेला परेको सरकारी विवरण सार्वजनिक भयो।

तर, परिवारका लागि त्यो विवरणले अझै निश्चितता दिएको छैन। परिवारका सदस्यले त्यसलाई स्वीकार गर्न सकेका छैनन्। आमाको मनले त झन छोरीको मृत्यु भएको मान्न सकेको छैन। ‘मेरी छोरी नै हो भनेर म कसरी मानुँ ? उसले त घर आउँछु भनेर फोन गरेकी थिई,’ खिमादेवीले भनिन्, ‘मेरी छोरी कतै बाँचेर बसेकी पो छ कि ? एकपटक आएर आमा भनेर बोलाइदिए पुग्छ।’

एकमायासँगै कामको सिलसिलामा रसुवा पुगेका उनकै भतिजी जानकी घर्तीमगर र भतिज सेतुनाथ योगी पनि बाढीपछि बेपत्ता छन्। बेरोजगार रहेका आफन्तलाई रोजगारीसँगै साथसमेत हुने भन्दै एकमायाले आफ्नै खाजा पसलमा काम गर्ने अवसर दिएकी थिइन्। तर रोजगारीको खोजीमा रसुवा पुगेका उनीहरूको परिवार अहिले एक–एक फोन र एक–एक खबरको प्रतीक्षामा छ।

राजपुर निवासी तिलक घर्तीमगरकी छोरी जानकी घर्तीमगर पनि अहिले बेपत्ताको सूचीमा छन्। वैदेशिक रोजगारीमा पठाइदिने भन्दै दलालले पाँच लाख रुपैयाँ ठगेपछि सहकारीबाट लिएको ऋण तिर्नुपर्ने भएपछि जानकी एकमायाको पसलमा काम गर्न गएकी थिइन् छोरीलाई रसुवा नजान आग्रह गरेको सम्झना गर्दै तिलकका आँखा रसाए।

‘मैले छोरीलाई फर्क, त्यहाँ काम गर्न पर्दैन भनेको थिएँ। बरु म यहाँ विद्युतीय रिक्सा किनिदिन्छु भनेको थिएँ,’ उनले भनिन्, ‘तर उसले मानिन। ‘हैन बुवा, म यतै काम सिक्छु, पछि आफ्नै व्यवसाय गर्छु भन्थी।’ छोरीप्रति गर्व गर्दै उनले थपे, ‘उ हाम्रो घरको छोरी होइन, छोरा थिई।’ छोरी बेपत्ता भएपछि भने त्यही घरमा अहिले सन्नाटा छ। खबर आउने आशामा परिवारको दिन बितिरहेको छ। ‘आजसम्म छोरीको कुनै खबर आएको छैन। मन आत्तिएको छ,’ तिलकले रुँदै भने, ‘जिउँदै छे जस्तो पनि लाग्छ, छैन जस्तो पनि लाग्छ। उसलाई केही भयो भने हामी कसरी बाँच्ने ?’ तर शोकले घेरिए पनि तिलकको मनले छोरी फर्कने आशा छाडेको छैन। सरकारी खोजीबाट कुनै सकारात्मक खबर आउने र ढिलोचाँडो छोरी घर फर्कने विश्वासमा परिवार बसिरहेको छ।

जानकीसँगै काम गर्न रसुवा पुगेका राजपुरकै ४७ वर्षीय सेतुनाथ योगीको परिवार पनि अहिले यस्तै आशामा छ। दश महिनाअघि कामका लागि रसुवा पुग्नुभएका सेतुनाथका घरमा श्रीमती टिका योगी र दुई साना छोरा छन्। ३० वर्षीया टिका अहिले दुई छोराको अनुहार हेर्दै श्रीमान्को बाटो कुरिरहेकी छन्। ‘मेरा श्रीमानलाई केही भयो भने मैले यी साना बाबुलाई कसरी हुर्काउने ?’ टिकाले रुँदै भनिन्, ‘उन बाँचेर घाइते भएर मात्रै भए पनि फर्केर आउनुभयो भने म सबै सम्पत्ति बेचेर भए पनि उपचार गराउँथेँ। मलाई उन घर फर्किनुभएको हेर्नु छ।’

बाढी आउनुभन्दा एक दिनअघि साँझ ५ बजे सेतुनाथले परिवारका सबै सदस्यसँग फोनमा कुरा गरेका थिए। आफू सुरक्षित रहेको र दसैँमा घर आउने बताएका थिए। त्यो फोन अहिले टिकाको मनमा बारम्बार दोहोरिन्छ।

‘उहाँले दसैँमा घर आउँछु भन्नुभएको थियो। त्यो आवाज अझै कानमा गुन्जिरहेको छ,’ टीकाले भनिन्, ‘दसैँ आउँदा उन साँच्चिकै घर फर्किनुहुन्छ कि भन्ने आशा छ।’ सेतुनाथका ७६ वर्षीय बुवा हीरानाथ योगीका लागि छोरा बुढेसकालको सहारा थिए। छोरा बेपत्ता भएको खबरपछि उनको अवस्था झनै कमजोर बनेको छ।

‘मेरो बुढेसकालको सहारा थियो मेरो छोरो। के भयो नि यस्तो ?’ हिरानाथले भक्कानिँदै भने, ‘मेरो छोरो बाँचेर आइदिए हुन्थ्यो। मेरो यति मात्र चाहना हो।’ उनका लागि अहिले धनसम्पत्ति, घरव्यवहार वा अन्य कुनै कुरा महत्त्वपूर्ण छैन। बाँचेर छोरा फर्किए पुग्छ। ‘छोरो घरको ढोकामा आइपुगेको हेर्न पाएँ भने अरू केही चाहिँदैन,’ उनले भने।

रसुवाको भोटेकोशी बाढीले राजपुरका अर्का २३ वर्षीय सुरेश विकलाई परिवारबाट टाढा बनाएको छ। भारतको हिमाचल प्रदेशमा बस्दै आएका सुरेश गाडीको लाइसेन्स बनाउने प्रक्रियाका लागि नेपाल आउनुभएको थियो। लाइसेन्सको प्रक्रिया पूरा हुन समय लागेपछि रसुवामा चिनियाँ सामान ओसारपसार गरी व्यापार गर्ने भन्दै उनलाई बोलाइएको थियो।

सुरेशकी काकी पवित्रा विकका अनुसार उनले बाढी आउनुभन्दा एक दिनअघि अर्थात् भदौ ९ गते साँझ परिवारसँग फोनमा कुरा गरेका थिए। ‘सुरेशले फोन गरेर काम राम्रै चलेको छ भनेको थियो। दसैँमा घर आउँछु भनेको थियो,’ पवित्राले भनिन्, ‘त्यसपछि एकाएक बाढी आएको खबर आयो। अहिले उसको फोन आउँदैन।’

फोन नआए पनि परिवारले प्रतीक्षा गर्न छाडेको छैन। ‘हामीलाई अझै पनि सुरेश कतै सुरक्षित छ कि भन्ने आशा छ,’ उनले भने, ‘कुनै ठाउँमा उद्धार भएर बसेको भए एकपटक खबर गरिदिए पनि हाम्रो मन शान्त हुन्थ्यो।’

बाढीले घर, पसल, सडक र सम्पत्ति मात्र बगाएको छैन, धेरै परिवारको जीवनको भरोसा र भविष्यसमेत अनिश्चित बनाएको छ। रसुवाको घटनापछि बाँकेका परिवारमा आफ्ना मान्छे फर्कने आशा र अनिष्टको डर एकसाथ छ।

जिल्ला प्रशासन कार्यालय बाँकेको तथ्याङ्कअनुसार रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बाँकेसँग सम्बन्धित २७ जना बेपत्ता भएका छन्। उनीहरूको परिवार अहिले सरकारी खोजी र उद्धार टोलीबाट आउने खबरको प्रतीक्षामा छन्।

प्रमुख जिल्ला अधिकारी दीलकुमार तामाङले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा बाढीले अकल्पनीय धनजनको क्षति पुर्याएको बताउँदै बेपत्ता व्यक्तिहरूको फोटोसहितको प्रोफाइल तयार गरी खोजी कार्यका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिएका छन्।

तर सरकारी तथ्याङ्कमा नाम चढ्नु र परिवारको मनले आफन्तलाई गुमाउनु एउटै कुरा होइन। आफन्त बेपत्ता हुँदासम्म परिवारले अन्तिम सत्य स्वीकार गर्न चाहँदैन। एउटा फोन, एउटा सन्देश वा उद्धारकर्ताको एउटा सकारात्मक खबरले उनीहरूको आशालाई फेरि बलियो बनाइदिन्छ।

खीमादेवीको घरमा पनि त्यही आशा बाँकी छ। तिलक घर्तीमगर छोरीको बाटो हेरिरहेकी छन्। टीका योगी दुई साना छोरालाई काखमा च्यापेर श्रीमान् फर्कने प्रार्थना गरिरहेकी छन्। हिरानाथ योगी बुढेसकालको सहारा फर्केर आउने सपना देखिरहनुभएको छ। पवित्रा विक सुरेशको फोन आउने प्रतीक्षामा छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# गैर बैंकिङ्ग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सम्बन्धी पुनःसात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । विभिन्न मितिमा १५ दिने तथा ७ दिने **गैर बैकिंग अचल सम्पत्तिको रुपमा रहेको घरजग्गाहरु शिलबन्दि लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा समेत बिक्री नभएकोले ,** निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

तपसिल

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार २२ गते सोमबार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असार २३ गते मंगलबार दिउँसो ४:०० बजे देखि (८ औ दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास( महोत्तरी) ,बरहथवा (सर्लाही) ।


# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने बढे

गोपालप्रसाद बराल

**मधेशदृष्टि**
**धनुषा।**
देशका विभिन्न स्थानमा बाढीपहिरोलगायत प्राकृतिक विपत्तिका कारण ठूलो जनधनको क्षति भइरहेका बेला महोत्तरीबाट राहत तथा उद्धारका लागि सहयोग जुट्ने क्रम जारी छ । व्यक्तिगत उत्सवदेखि सामाजिक तथा शैक्षिक संस्थासम्मले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेका छन्।

महोत्तरीको एक गाउँमा जन्मिएका व्यवसायी शम्भुनाथ झाले आफ्नो जन्मदिनको अवसरमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ११ लाख एक सहयोग गरेका छन् । उनले व्यक्तिगत खुसीभन्दा विपद्मा परेका नागरिकको सहयोगलाई प्राथमिकता दिँदै जन्मदिनमा हुने खर्च सहयोग गर्नुभएको हो।

झाले देश नै विपत्तिमा परेका बेला व्यक्तिगत उत्सवमा मात्र रमाउनु उचित नलागेकाले प्रभावित नागरिकको पीडामा आफ्नो तर्फबाट साथ दिने उद्देश्यले सहयोग गरेको बताउनुभयो।

'देश नै विपत्तिमा परेका बेला व्यक्तिगत खुसीमा मात्र रमाउनु उचित लागेन । बाढी तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको पीडामा थोरै भए पनि साथ दिनुपर्छ भन्ने सोचले जन्मदिनको अवसरमा सहयोग गरेको हुँ,' उनले भने।

बर्दिबासका सामाजिक अभियन्ता तथा योगगुरु सुमित्रा भट्टराईले ५१ हजार रुपैयाँ सहयोग गरेका छन् । भोटेकोशीमा आएको बाढीबाट ठूलो क्षति भएपछि प्रभावित परिवार राहत तथा पुनःस्थापनाको पर्खाइमा रहेका बेला मानवीय भावनासहित सहयोग गरिएको भट्टराईले बताउनुभयो।

उनले विपद्का बेला सहयोग गर्नु सामाजिक दायित्व भएको उल्लेख गर्दै सहयोगको रकम ठूलो वा सानोभन्दा पनि पीडितप्रतिको साथ, सहानुभूति र मानवीय भावना महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो।

त्यसैगरी बर्दिवास उद्योग वाणिज्य सङ्घको सहकार्यमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा श्री कृष्णचन्द्र ट्रेडर्सका सञ्चालक पोषणा थापाले ५१ हजार रुपैयाँ सहयोग गरेका छन्।

त्यस्तै मोनास्टिक स्कुल÷कलेजले पाँच लाख एक हजार रुपैयाँ सहयोग गर्ने भएको छ । प्राकृतिक विपद्बाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम उपलब्ध गराउन लागिएको विद्यालयले जनाएको छ।

विद्यालयका निर्देशक डा सोनु साहले विपद्का बेला पीडितपरिवारको साथमा उभिनु सबैको साझा सामाजिक दायित्व भएको बताउनुभयो । सहयोगकर्ताले विपद्को यस कठिन घडीमा सरकार, निजी क्षेत्र, सामाजिक संस्था तथा नागरिक समाज सबैले आफ्नो क्षमता र सामथ्र्यअनुसार सहयोग तथा सहकार्य गर्नुपर्नेमा जोड दिएका छन्।

# नेपालीलाई एकताको सूत्रमा जोड्न विमलको योगदान महत्त्वपूर्ण

**काठमाडौँ।**
साहित्यका माध्यमबाट नेपालीलाई एकताको सूत्रमा जोड्न साहित्यकार राजेन्द्र विमलले गर्नुभएको योगदान महत्वपूर्ण रहेकामा जोड दिइएको छ।

विमलको स्मृतिमा सोमबार आयोजित कार्यक्रममा स्रष्टाहरुले न पहाडी, न मधेशी, न हिमाली सबैलाई नेपाली लेखियोस् भनी साहित्यकार विमलले दिएको अभिव्यक्तिले सबैलाई एकै सूत्रमा जोड्न योगदान गरेको वक्ताहरुको भनाइ थियो । कार्यक्रममा मधेशी आयोगका पूर्वअध्यक्ष डा. विजय दत्त, नेपाल संस्कृत विश्वविद्यालय नेपाली विभागका प्रमुख प्रा. डा. नारायण चालिसे, साहित्यकार धीरेन्द्र प्रेमर्षि, कवि प्रह्लाद पोखरेल, पत्रकार तीर्थ कोइरालालगायतले नेपाल चिन्ने यस्ता व्यक्तिहरुका भनाइ अभिलेख (रेकर्ड) गरी राख्नुपर्नेमा जोड दिए।

जनकपुरमा रहेर नेपाली विषयको प्राध्यापनका साथै साहित्य साधनामा सक्रिय विमलको गत साउन २५ गते निधन भएको थियो।

कार्यक्रममा उनका पाण्डुलिपि छिटो गरी प्रकाशन गरिनुपर्नेमा पनि जोड दिइएको थियो । विमलका नाममा २०६८ सालमै प्रतिष्ठान स्थापना भइसकेको मधेशी आयोगका पूर्वअध्यक्ष दत्तले बताए।

# लागुऔषधसहित विभिन्न स्थानबाट १६ जना पक्राउ

**काठमाडौँ।**
प्रहरीले अवैध लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट १६ जनालाई पक्राउ गरेको छ । प्रहरीले आइतबार र सोमबार गरी काठमाडौँ, कञ्चनपुर, बाँके, पाल्पा, कैलाली, मोरङ, दाङ र बर्दियाबाट लागुऔषधसहित १६ जनालाई पक्राउ गरेको हो।

प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरी टोलीले काठमाडौँको महानगरपालिका–७ चावहिलस्थित समाज गेष्ट हाउसबाट नियन्त्रित लागुऔषध डाइजेपाम ११४ एम्पुल, फेनारगन ११३ एम्पुल, नोर्फिन ११३ एम्पुल र नगद रु २५ हजारसहित तीन जनालाई पक्राउ गरेको छ।

कञ्चनपुरको भीमदत्त नगरपालिका–११ बाट धनगढी उपमहानगरपालिका–१२ बस्ने २२ वर्षीय दिपकबहादुर चन्द, भीमदत्त नगरपालिका–११ बाट कैलालीको गोदावारी नगरपालिका–४ बस्ने २६ वर्षीय प्रभाष मल्ल र डोटीको जोरायल गाउँपालिका–१ बस्ने २६ वर्षीय विक्रम पातली पक्राउ परेका प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ।

बाँकेको नेपालगञ्ज उपमहानगरपालिका–१० ट्राफिक चोकबाट ब्राउनसगुर जस्तो देखिने पदार्थ ३ ग्राम १७ मिलिग्रामसहित भारतको उत्तर प्रदेश घर भएका २४ वर्षीय अकिल शाह तथा पाल्पाको तिनाउ गाउँपालिका–३ पैठेडाँडाबाट गुल्मीको रेसुङ्गा नगरपालिका–४ अर्खले बस्ने २५ वर्षीय अङ्कित खड्का, २५ वर्षीय मेहरसिंह राना र २६ वर्षीय एकराज पन्थी पक्राउ परेका प्रहरीले जनाएको छ । कैलालीको टीकापुर नगरपालिका–३ बाट खैरो हेरोइन जस्तो देखिने पदार्थ ८१० मिलिग्रामसहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोरसहित दुई जना तथा टीकापुर नगरपालिका–१ समितिपुरबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ ९१० मिलिग्रामसहित सोही ठाउँ बस्ने १६ वर्षीय किशोर पक्राउ परेका इलाका प्रहरी कार्यालय टीकापुरले जनाएको छ।

मोरङको पथरीशनिश्चरे नगरपालिका–१० शिबिरडाँडाबाट एक, दाङको लमही नगरपालिका–६ देउपुरबाट लमही–७ का २५ वर्षीय परीवर्तन बुढामगर र बर्दियाको गुलरिया नगरपालिका–११ गणेशपुरबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ ७२० मिलिग्रामसहित गेरूवा गाउँपालिका–२ बस्ने २५ वर्षीय विनोद सुनारलाई प्रहरीले पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय समाचार कक्षले जनाएको छ।

# नारायणी अस्पतालबाट हराएको नवजात शिशु १६ घण्टापछि...

परिवारले बच्चा उनलाई खेलाउनका लागि दिएको थियो।

तर, बच्चा लिएर अस्पताल परिसरबाट बाहिरिएकी ती महिला केही समय बितिसक्दा पनि फर्किनन्।

परिवारका सदस्यले खोजी गर्न थाले। अस्पताल परिसर तथा आसपासका क्षेत्रमा खोजी गर्दा पनि महिला र शिशु फेला नपरेपछि परिवारले तत्काल प्रहरीलाई घटनाबारे जानकारी गराएको थियो।

**सूचना पाएलगत्तै प्रहरीको खोजी अभियान**

नवजात शिशु चोरी भएको सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय पर्साले घटनालाई गम्भीरतापूर्वक लिँदै तत्काल खोजी तथा अनुसन्धान अघि बढाएको थियो।

घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै प्रहरीले अस्पताल परिसरदेखि वीरगञ्जका विभिन्न सम्भावित स्थानमा खोजी तीव्र बनाएको थियो।

प्रहरीले बच्चा लिएर फरार भएकी महिलाको हुलिया, घटनाको विवरण तथा सम्भावित आवतजावतका आधारमा अनुसन्धान अघि बढाएको थियो। रातभर प्रहरी टोलीले विभिन्न स्थानमा खोजी गर्नुका साथै घटनासँग सम्बन्धित विवरण संकलन गरेको थियो।

करिब १६ घण्टासम्मको निरन्तर प्रयासपछि प्रहरीले वीरगञ्ज महानगरपालिका–१६, इनर्वाबाट सबिना खातुनलाई नवजात शिशुसहित फेला पारेको हो।

शिशु सकुशल अवस्थामा फेला परेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याएको थियो।

**'आफ्नो सन्तान नभएकाले बच्चा चोरी गरेँ'**

प्रहरी हिरासतमा रहेकी खातुनले प्रारम्भिक बयानका क्रममा आफूलाई सन्तान नभएकाले नवजात शिशु चोरी गरेको बताएकी छन्।

तर, प्रहरीले उनको प्रारम्भिक बयानलाई मात्रै आधार मानेर घटनाको सम्पूर्ण कारण निष्कर्षमा नपुगेको जनाएको छ।

प्रहरीले खातुन अस्पतालसम्म कसरी पुगिन्, बच्चा चोरी गर्ने योजना पहिले नै बनाइएको थियो कि घटनास्थलमै त्यस्तो निर्णय गरिएको हो, बच्चालाई कहाँ लैजाने योजना थियो तथा घटनामा अन्य व्यक्ति वा समूहको संलग्नता छ कि छैन भन्ने विषयमा अनुसन्धान गरिरहेको जनाएको छ।

प्रहरीका अनुसार घटनाको सम्पूर्ण अनुसन्धान पूरा भएपछि मात्रै बच्चा चोरीको वास्तविक कारण र घटनाको विस्तृत पाटो खुल्नेछ।

**शिशु परिवारको जिम्मामा**

प्रहरीले नवजात शिशुलाई सकुशल उद्धार गरेपछि आवश्यक संरक्षणमा राखेको थियो। त्यसपछि शिशुलाई परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार उद्धार गरिएको नवजात शिशुको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

एक दिनअघि मात्रै जन्मिएको छोरा अचानक अस्पतालबाट हराएपछि परिवारमा ठूलो चिन्ता र तनाव उत्पन्न भएको थियो। बच्चा जन्मिएको खुसीयाली मनाउन नपाउँदै शिशु हराएपछि परिवारका सदस्यहरू आत्तिएका थिए।

तर, करिब १६ घण्टापछि प्रहरीले बच्चालाई सकुशल फेला पारी परिवारको जिम्मा लगाएपछि परिवारमा पुनः खुसी फर्किएको छ।

**अस्पतालको सुरक्षा व्यवस्थामाथि प्रश्न**

नवजात शिशु अस्पताल परिसरबाटै चोरी भएको घटनाले नारायणी अस्पतालको सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठाएको छ।

बिरामी तथा कुरुवाको अत्यधिक भीड हुने अस्पतालमा अपरिचित व्यक्तिको प्रवेश, नवजात शिशुसम्म सहज पहुँच र बच्चालाई लिएर बाहिरिन सक्ने अवस्थाले अस्पतालको सुरक्षा प्रणालीमा कमजोरी रहेको देखाएको छ।

विशेषगरी प्रसूति तथा नवजात शिशु उपचार हुने क्षेत्रमा प्रवेश गर्ने व्यक्तिको पहिचान, कुरुवा व्यवस्थापन तथा शिशुलाई बाहिर लैजाँदा निगरानी गर्ने प्रणालीलाई थप कडाइ गर्नुपर्ने आवश्यकता यो घटनाले देखाएको छ।

प्रहरीले भने घटनामा पक्राउ परेकी सबिना खातुनमाथि थप अनुसन्धान जारी रहेको जनाएको छ। साथै, शिशु चोरीको घटनामा अन्य कुनै व्यक्ति संलग्न थिए वा थिएनन् भन्ने विषयमा समेत अनुसन्धान भइरहेको छ।

घटनाको थप अनुसन्धानपछि मात्रै नवजात शिशु चोरीको वास्तविक कारण, योजना र सम्भावित अन्य संलग्नताबारे स्पष्ट हुने प्रहरीले जनाएको छ।

# मधेश भवनअगाडि हरवा–चरवाको धर्ना एक सातादेखि जारी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा हरवा–चरवा संघर्ष समितिले मधेश भवनअगाडि सुरु गरेको धर्ना एक सातादेखि जारी छ।

हरवा–चरवा परिवारको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरणको प्रक्रिया तत्काल अघि बढाउन माग गर्दै संघर्ष समितिले धर्ना दिँदै आएको हो।

धर्नामा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका हरवा–चरवा समुदायका सदस्य सहभागी छन्। लामो समयदेखि भूमिहीनता र श्रम शोषणको समस्या भोग्दै आएका हरवा–चरवा परिवारको पहिचान गरी उनीहरूको दिगो पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना तत्काल स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने संघर्ष समितिको माग छ।

संघर्ष समितिका सदस्य लागेन्द्र सदाका अनुसार सरकारले हरवा–चरवा समुदायका मागप्रति गम्भीरता नदेखाएका कारण आन्दोलनलाई निरन्तरता दिनुपरेको हो।

आफूहरू लामो समयदेखि माग सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गराउँदै आए पनि सुनुवाइ नभएको भन्दै उनले माग पूरा नभए आन्दोलन थप सशक्त बनाउने चेतावनी दिए।

समितिले हरवा–चरवा समुदायको अधिकार, पहिचान र पुनःस्थापनाका विषयमा सरकारले गरेका प्रतिबद्धता प्रभावकारी रूपमा कार्यान्वयन नगरेको आरोप लगाउँदै धर्नामार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएको जनाएको छ।

हरवा–चरवा संघर्ष समिति मधेश प्रदेशले आफ्ना माग सम्बोधन नभएसम्म सरकारमाथि दबाब सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# जनमतका नेताको मृत्युमा निष्पक्ष छानबिन माग

**मधेशदृष्टि**
**बारा।**
जनमत पार्टीका केन्द्रीय सदस्य एवम् युवा नेता सुजित पाण्डेयको असामयिक मृत्यु प्रकरणलाई लिएर बाराका राजनीतिक दल, समाजसेवी, उद्योगी–व्यवसायी, युवा, विद्यार्थी तथा नागरिक समाजले घटनाको निष्पक्ष र स्वतन्त्र छानबिन गर्न संयुक्त रूपमा प्रशासनको ध्यानाकर्षण गराएका छन् । कलैया उपमहानगरपालिका–१४ लक्ष्मिनिया चोकमा बिहीबार राति कलैयाबाट बघवनतर्फ जाँदै गरेको मधेश प्रदेश ०३–०२८ प ७१९६ नम्बरको मोटरसाइकल दुर्घटनामा परी पाण्डेयको मृत्यु भएको थियो । तर, नागरिक समाज र विभिन्न क्षेत्रका प्रतिनिधिहरूले संयुक्त हस्ताक्षरसहित जारी गरेको विज्ञप्तिमा पाण्डेयको मृत्यु नियोजित सवारी दुर्घटना भएको र यो अत्यन्तै रहस्यमयी रहेको दाबी गरेका छन्। यस किसिमको घटनाले आम नागरिकमा डर, त्रास र असुरक्षाको वातावरण सिर्जना गरेको विज्ञप्तीमा उल्लेख छ। सर्वपक्षीय प्रतिनिधिहरूले ६ बुँदे माग अघि सार्दै घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावरहित छानबिन गर्न, सम्पूर्ण तथ्य र प्रमाणहरू संकलन गरी सत्यतथ्य एवम् स्पष्ट कारण सर्वसाधारणसमक्ष पारदर्शी रूपमा सार्वजनिक गर्न आग्रह गरेका छन्।

# जनमतका नेतालाई अदालतबाट सफाइ

**मधेशदृष्टि**
**सप्तरी।**
जनमत पार्टीका पूर्व केन्द्रीय कोषाध्यक्ष सप्तरीका सुरेन्द्र नारायण यादवले अदालतबाट सफाइ पाएका छन्।

अध्यक्ष सीके राउतको निर्देशनमा तत्कालीन पार्टी प्रवक्ता डा. सरद सिंह यादवको जाहेरीमा दर्ता भएको मुद्दामा ललितपुर जिल्ला अदालतले सोमबार तत्कालीन कोषाध्यक्ष यादवलाई सफाइ दिएको हो।

न्यायाधीश हरिसिंह धामीको इजलासले अभियोग दाबी बमोजिम कसुर पुष्टि नभएको ठहर गर्दै यादवलाई सफाइ दिने फैसला सुनाएको हो । यादवमाथि ललितपुरको इमाडोलस्थित पार्टीको कार्यालय तथा सम्पत्ति हस्तान्तरण नगरेको र आर्थिक अनियमितता गरेको आरोप लगाउँदै राउत र पार्टी पक्षले ठगी तथा विश्वासघातको आरोपमा जाहेरी दिएको थियो । पेस गरेको प्रमाण, कागजात र तथ्यहरूको विश्लेषण गर्दै आरोपी यादवविरुद्ध ठगीको अभियोग दाबी नपुग्ने निष्कर्ष निकालेको हो।

७ वैशाख २०८२ मा ठगीको कसुरमा सप्तरीबाट प्रहरीले उनलाई पक्राउ गरेको थियो। यादव र उनकी श्रीमती ललिताकुमारी यादवविरुद्ध १ करोड ८५ लाख १ हजार रुपैयाँ बिगो असुल उपर गर्नुपर्ने माग गर्दै मुद्दा दायर भएको थियो।

# अखिल भारतीय हिन्दू परिषद्मा कर्ण प्रचारक नियुक्त



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
अखिल भारतीय हिन्दू परिषद्ले जनकपुरधामस्थित नागराइन गाउँका भोगेन्द्र लाल कर्णलाई अन्तर्राष्ट्रिय प्रचारक नियुक्त गरेको छ। यो नियुक्ति अगस्ट २९, २०२६ देखि लागू हुनेछ। संस्थाका राष्ट्रिय अध्यक्ष महन्त योगी राजभाई नाथले उनको नयाँ भूमिकाको लागि शुभकामना व्यक्त गरे।

कर्णले वाणिज्यमा स्नातकोत्तर (एमबीएस) गरेका छन् र लामो समयदेखि जनकपुरधाम क्षेत्रमा सनातन संस्कृतिको प्रवर्द्धनमा संलग्न छन् । उनले लगभग १० वर्षदेखि अल इन्डिया रेडियोमा धार्मिक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । उनले लगभग तीन वर्षसम्म टेलिभिजनमा पनि काम गरे, धार्मिक कार्यक्रमहरू मार्फत सनातन संस्कृति र धार्मिक विचारहरू फैलाए।

उनी जनकपुरधामको ऐतिहासिक सम्पदा दूधमती गंगाको संरक्षणमा पनि प्रमुख रूपमा संलग्न छन् । मानवता, प्रकृति संरक्षण र 'वसुधैव कुटुम्बकम' को भावनालाई आफ्नो जीवनमा आत्मसात गरेका कर्णलाई संस्थाले सनातन संस्कृतिलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने जिम्मेवारी सुम्पेको छ।

अखिल भारतीय हिन्दू परिषदले कर्णले संस्थाको नियम र नीतिहरूको पालना गर्दै संस्थाको उद्देश्यलाई अगाडि बढाउन महत्वपूर्ण योगदान पु¥याउने विश्वाश गरेको छ।

# मधेशमा ७६ लेखा कर्मचारीको सरुवा, 'एक कर्मचारी–एक कार्यालय' नीति कडाइ गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आर्थिक तथा वित्तीय सुशासन कायम गर्ने उद्देश्यले लामो समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरेको छ।

प्रदेशको अर्थ मन्त्रालयले दुई वर्षभन्दा बढी समय एउटै कार्यालयमा कार्यरत कर्मचारीलाई सरुवा गर्दै उनीहरूको नयाँ पदस्थापनासहितको विवरण सार्वजनिक गरेको हो । मन्त्रालयका अनुसार लामो समय एउटै कार्यालयमा कार्यरत रहँदा कर्मचारीमा एकाधिकार बढ्न सक्ने र त्यसले आर्थिक तथा वित्तीय प्रशासनमा बेथिति निम्त्याउने जोखिम रहेकाले सरुवा गरिएको हो। आकर्षक मानिने कार्यालयमा लामो समयदेखि कार्यरत कर्मचारीलाई समेत सरुवा प्रक्रियामा समेटिएको मन्त्रालयले जनाएको छ।

अर्थमन्त्री युवराज भट्टराईले एउटै कार्यालयमा लामो समयसम्म बस्ने प्रवृत्तिले वित्तीय सुशासनमा चुनौती थपिने भएकाले सरुवा गरिएको बताए। उनले अब 'एक कर्मचारी, एक कार्यालय' नीति कडाइका साथ कार्यान्वयन गरिने स्पष्ट पारे।

यसअघि जनशक्ति अभावका कारण कतिपय लेखा अधिकृत तथा लेखापाललाई एकैपटक तीनदेखि चारवटासम्म कार्यालयको जिम्मेवारी दिइँदै आएको थियो। मन्त्रालयले अब यस्तो दोहोरो तथा तेहोरो जिम्मेवारीको अभ्यास अन्त्य गरी प्रत्येक कर्मचारीलाई एउटै कार्यालयको जिम्मेवारी दिने तयारी गरेको छ। सरुवा भएका कर्मचारीले सात दिनभित्र साविक कार्यालयबाट रमाना लिएर नयाँ कार्यालयमा अनिवार्य रूपमा हाजिर हुनुपर्ने व्यवस्था गरिएको छ । सरुवा आदेश कार्यान्वयनमा ढिलाइ गर्ने वा नयाँ कार्यालयमा जान आनाकानी गर्ने कर्मचारीमाथि समेत कडाइ गरिने मन्त्रालयले जनाएको छ।

तोकिएको अवधिमा रमाना नलिई साविक कार्यालयमै बसिरहने कर्मचारीको उक्त कार्यालयको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सरुवा प्रक्रियालाई आर्थिक तथा प्रशासनिक सुशासनसँग जोडेर अघि बढाइएको दाबी गरेको छ । तर, सरुवापछि केही कर्मचारीले निर्णय उल्ट्याउन दबाब वा चलखेल गर्न सक्ने सम्भावनाप्रति समेत मन्त्रालय सचेत रहेको जनाइएको छ।

# बर्दिवासको बड्डाँडाको जनजीवन अस्तव्यस्त, पुल नहुँदा सास्ती



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लगातारको वर्षाका कारण माण्डवी गङ्गामा पानीको बहाव बढेपछि बर्दिबास नगरपालिका–५ बड्डाँडाका स्थानीयको जनजीवन प्रभावित भएको छ। खोलामा बाढी उर्लिएपछि गाउँ प्रवेश गर्ने सडक अवरुद्ध हुँदा स्थानीय बाटोमै रोकिनुपर्ने अवस्था आएको छ।

वर्षायाम सुरु हुनासाथ हरेक वर्ष दोहोरिने यो समस्या यसपटक 'समृद्ध बर्दिबास अभियान'को टोली स्थलगत रूपमा बड्डाँडा पुगेपछि थप सार्वजनिक भएको हो। टोलीले गाउँमै पुगेर सडक, पुल, स्वास्थ्य सेवा तथा वर्षायाममा स्थानीयले भोग्नुपरेका समस्याबारे जानकारी संकलन गरेपछि नगरपालिकाको समेत ध्यानाकर्षण भएको छ।

टुटेश्वर हुँदै बड्डाँडा पुग्ने करिब ६ किलोमिटर सडक वर्षामा थप जोखिमपूर्ण बन्ने गरेको स्थानीय बताउँछन् । गाउँ जाने बाटोमा पर्ने माण्डवी खोलामा स्थायी पुल नहुँदा पानीको सतह बढ्नेबित्तिकै सडक सम्पर्क विच्छेद हुने गरेको छ।

करिब १५० घरधुरी रहेको बड्डाँडा बर्दिबास नगरपालिकाभित्रै पर्छ । तर वर्षायाममा भने सडक र पुलको समस्याका कारण गाउँबासीले आधारभूत सेवा लिनसमेत कठिनाइ भोग्दै आएका छन्।

स्थानीय पञ्चबहादुर गोलेका अनुसार सडक र पुलको समस्या वर्षौं पुरानो हो। निर्वाचनका बेला निर्माणका आश्वासन आउने गरे पनि अहिलेसम्म स्थायी समाधान हुन नसकेको उनको गुनासो छ।

- **स्वास्थ्य सेवासमेत प्रभावित**

बड्डाँडाको समस्या सडक र यातायातमा मात्र सीमित छैन । पछिल्लो समय गाउँमा बालबालिकासहित स्थानीयमा भाइरल ज्वरो फैलिएका बेला स्वास्थ्य सेवाको अभावसमेत देखिएको थियो। 'समृद्ध बर्दिबास अभियान'को टोलीले स्वास्थ्य सेवाको अवस्थाबारे जानकारी बाहिर ल्याएपछि बर्दिबास नगरपालिकाले चिकित्सक, औषधि र आवश्यक उपकरणसहित स्वास्थ्य टोली गाउँ पठाएको थियो।

तर माण्डवी गङ्गामा अचानक आएको बाढीका कारण स्वास्थ्य टोली गाउँसम्म पुग्न सकेन। बाटोमै बाढीको अवरोध भएपछि टोली फर्किनुपरेको थियो।

यस घटनाले बड्डाँडामा पुल र सडकको अभावका कारण आकस्मिक स्वास्थ्य सेवासमेत प्रभावित हुने अवस्था रहेको देखाएको छ।

- **बिरामी पर्दा गाउँमै सीमित हुनुपर्ने अवस्था**

स्थानीयका अनुसार बाढीका बेला एम्बुलेन्ससमेत गाउँसम्म पुग्न सक्दैन । आकस्मिक बिरामी, सुत्केरी महिला, बालबालिका तथा वृद्धवृद्धालाई उपचारका लागि बाहिर लैजान झन् समस्या हुने गरेको छ।

स्थानीय मनबहादुर श्रेष्ठका अनुसार सडक बन्द भएपछि बर्दिबास पुग्न पैदलै लामो दूरी पार गर्नुपर्ने अवस्था आउँछ । उनका अनुसार बाढीको समयमा बर्दिबास पुग्न करिब तीन घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्था रहेको छ । स्थानीयले विगतमा माण्डवी खोलाको तीव्र बहावमा मानिस बगाएका घटनासमेत भएको बताएका छन्। पानीको सतह बढेका बेला खोला पार गर्नुपर्ने बाध्यताले दुर्घटनाको जोखिमसमेत बढाएको उनीहरूको भनाइ छ।

- **चार दशकदेखि उस्तै समस्या**

करिब चार दशकदेखि बड्डाँडामा बस्दै आएका लक्ष्मण महतोले गाउँलेको मुख्य माग सामान्य सडक र स्थायी पुल रहेको बताए । उनका अनुसार वर्षौंदेखि सडक र पुल निर्माणको आश्वासन पाउँदै आए पनि व्यवहारमा समस्या समाधान हुन सकेको छैन।

निर्वाचनका बेला प्राथमिकतामा पर्ने सडक र पुलको विषय निर्वाचन सकिएपछि ओझेलमा पर्ने गरेको स्थानीयको गुनासो छ । यही कारण वर्षा सुरु भएपछि हरेक वर्ष बड्डाँडाको जनजीवन उस्तै समस्यामा पर्ने गरेको उनीहरू बताउँछन्।

- **विद्युत् पुगे पनि सडकको समस्या कायमै**

बड्डाँडामा विद्युत् सेवा पुगेको छ भने खानेपानी सुधारका प्रयाससमेत भइरहेका छन् । तर सडक र पुलको अभावका कारण उपलब्ध सेवा तथा अन्य सुविधाको पहुँच सहज हुन सकेको छैन।

वर्षायाममा सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तु गाउँसम्म ल्याउन, कृषि उत्पादन बजार पुऱ्याउन तथा स्वास्थ्य उपचारका लागि बाहिर जानसमेत कठिन हुने गरेको स्थानीयको भनाइ छ।

'समृद्ध बर्दिबास अभियान'को स्थलगत अवलोकनले बड्डाँडाको वर्षौंदेखिको समस्या सार्वजनिक रूपमा फेरि चर्चामा ल्याएको छ। अब स्थानीयको प्रश्न स्थायी समाधानतर्फ केन्द्रित भएको छ—माण्डवी खोलामा स्थायी पुल कहिले बन्ने र वर्षायाममा गाउँको सडक सम्पर्क विच्छेद हुने समस्या कहिले अन्त्य हुने? बर्दिबास नगरपालिकाभित्रै रहेको बड्डाँडा वर्षा लागेपछि सडक र पुलको अभावमा बाहिरी सम्पर्कबाट प्रभावित हुँदै आएको छ। स्थानीयले अब आश्वासनभन्दा पनि सडक र पुलको स्थायी समाधान खोजिरहेका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन